# आठौं कार्यपालिका को वैठकका निर्णयहरु
# आ.व.०७५/०७६

## निर्णयहरु

**निर्णय नं.: १** भारतिय सरकारको साना विकास परियोजना छनौट गरी पठाउने सम्वन्धमा छलफल हुदा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय( विकास सहायता समन्वय शाखा ) को प.सं.२०७५/०७६ (विसस) च.नं.३९५ मिति २०७५/१०/१६ को पत्रानुसार भारतिय सरकारको साना विकास परियोजना संचालन सम्वन्धमा स्थानियतह सँग माग भए वमोजिम यस बर्जु गाउँपालिकाको लागी निम्न अनुसारका परियोजना छनौट गरी स्वीकृतीको लागी पठाउने निर्णय गरियो ।

| सि.नं. | परियोजनाको नाम | संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | शुक्रवारे देखि पश्चिम झोडाखोला देखि दक्षिण गेल्हावारी गाउँहुदै बर्जु ५ को सिमाना सम्म जाने वाटो स्तरोन्नती | वडा नं.१ | |
| २ | बर्जु २ को सितागञ्ज हेल्थपोष्ट देखि दक्षिण बर्जु ३ को उत्तरी सिमाना सम्म | वडा नं. २ | |
| ३ | वडा नं.३ केशलिया खोला देखि पश्चिम वैरिया हुदै बर्जु ४ को वुढीखोला सम्मको वाटो स्तरोन्नती | बर्जु ३ | |
| ४. | बर्जु ४ वुढीखोला देखि पूर्व साविक अमडुवा ८ हुदै देवानगञ्ज विराटनगरको मुल वाटो सम्म जाने सडकको स्तरोन्नती | बर्जु ४ | |
| ५ | बर्जु ५ सिताराम सरदारको घरदेखि पूर्व मुस्लिम टोल हुदै दक्षिण नहर जोडने सडकको स्तरोन्नती | बर्जु ५ | |
| ६ | बर्जु ६ को साविक चिमडी १को पेढोल पम्म देखि उत्तर जानकी चौक हुदै गढी गाउँपालिकाको सिमाना सम्मको सडकको स्तरोन्नती | बर्जु ६ | |
| ७. | बर्जु ४ को टेंग्राखोलामा पक्कि पूल निर्माण | बर्जु ४ | उक्त पूल निर्माणको डि.पि.आर.ल.ई,तथा माटोपरिक्षण प्रतिवेदन पूल विभाग ललितपूर मा रहेको । |

उल्लेखित परियोजनाहरु मा जुन वडाको परियोजना स्वीकृत हुन्छ सोही वडावाट लागत सहभागिता वापतको २०% रकम सम्वन्धित वडाको बजेट वाट व्यहोर्नु पर्ने छ ।

# आठौं कार्यपालिका को वैठकका निर्णयहरु

# आ.व.०७५/०७६

**निर्णय नं.२:** : सामाजिक सुरक्षा भत्ता,एल.जि.सि.डी.पि.,धरौटी र अन्य दायित्व सम्वन्धित खाताहरुमा फिर्ता गर्ने सम्वन्धमा छलफल हुदा आ.व.०७४।०७५ को महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदनमा किटान भएका केन्द्रिय सरकारको संचितकोष खाता र बर्जु गाउँपालिकाको धरौटी खातामा वर्जु गाउँपालिकाको संचितकोष खाता वाट तपसील वमोजिमका रकमहरु आ.व.०७५।०७६ को  चालु खर्च तर्फको सुकुम्वासी वस्ती व्यवस्थापन (२२५२९) आन्तरिक श्रोत र अपुग हुने रकम अन्य मिल्दाजुल्दा आन्तरिक श्रोत भएका कार्यक्रमहरु वाट अन्य फिर्ता (२८२१९) शिर्षकमा रकमान्तर गरी दाखिला गर्ने निर्णय गरियो ।

**तपसील**

| रकम फिर्ता गर्नुपर्ने कार्यक्रमहरु | फिर्ता हुने रकम | फिर्ता हुने खाता | कैफियत |
|---|---|---|---|
| सामाजिक सुरक्षा भत्ता (आ.व.०७४।०७५) | १७,२२,६००। | केन्द्रिय संचितकोष खाता | |
| एल.जि.सी.डि.पी.कार्यक्रम (आ.व.०७४।०७५) | ५७,८६०। | केन्द्रिय संचितकोष खाता | |
| विभिन्न दायित्वका रकमहरु (आ.व.०७४।०७५) | म.ले.प.प्रतिवेदनको आधारमा गोश्वारा भौचरवाट कट्टा गरेको तर केन्द्रिय संचितकोष दाखिला गर्न छुट भएको रकम | केन्द्रिय संचितकोष खाता | |
| धरौटी रकम (गोश्वारा भौचर वाट कट्टा भएको तर धरौटी खातामा जम्मा हुन नसकी संचितकोषमा नै फिर्ता भएको रकम मध्येको तत्कालको भुत्तानी हुने दायित्व (आ.व.०७४।०७५) | १०,७५,७०६। | बर्जु गाउँपालिकाको धरौटी खाता | |

**निर्णय नं. ४ :** स्थानिय शिक्षा ऐन र सहकारी ऐन  सम्वन्धमा छलफल हुदा गाउँपालिका भित्रका शैक्षिक संस्था तथा सहकारीहरुलाई व्यवस्थित गर्नका लागी गाउँपालिकाको मस्यौदा समितिले तयार गरी विषयगत समितिमा पेश भएको शिक्षा ऐन र सहकारी ऐनलाई आवश्यक छलफलका लागी कार्यपालिकामा पेश भएको निर्णय गरियो ।

**निर्णय नं ५** : चालु आ.व.को योजना संचालन सम्वन्धमा छलफल हुदा बर्जु गाउँपालिकाको दोश्रो गाउँसभा वाट आ.व.०७५।०७६ का लागी स्वीकृत भएका तपसीलका वडाका कार्यक्रम तथा योजनाहरु विविध

# आठौं कार्यपालिका को वैठकका निर्णयहरु
# आ.व.०७५/०७६

कारणवस संचालन हुन नसक्ने भएकोले सो योजनाको सट्टामा तपसीलका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**<u>तपसील</u>**

| वडा नं. | स्वीकृत योजना | रकम | संसोधित योजना | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २ | मुल सडक शेखरको खेत देखी वुढिया चौक हुदै पश्चिम रानाहोली झार्ने गरी कल्भर्ट निर्माण | ५,०००००। | सुवालाल यादवको घरदेखि पूर्व राजकुमारको घर विचमा पर्ने पैनीमा कल्भर्ट तथा नहर सम्म वाटोमा माटो पुरी ग्राभेल गर्ने | ५,०००००। | |
| | | | | | |

**<u>निर्णय नं.६</u>** : बर्जु गाउँपालिकाको वडा नं.२ र वडा नं.६ मा साविक स्थानिय निकायमा नियुक्ती पाई कार्यरत रहेका का.स.श्री मेघनाथ चौधरी तथा श्री प्रमेट पोखेल सेवा वाट अनिवार्य अवकास हुनु भएको हुदा निजहरु लाई निजामती सेवा सम्वन्धि कानुनमा भएको व्यवस्था वमोजिम वजेटको परिधि भित्र रही पूर्व सेवा शर्त वमोजिम सेवा सुविधाहरु उपलब्ध गराउने निणय गरियो ।

**<u>निर्णय नं.७</u>** : अपांगता परिचय पत्र वितरण सम्वन्धमा छलफल हुदा सरकारी चिकित्सक मार्फत परिक्षण गराई प्रमाण पत्र जारी गर्नु पर्ने हुदा सो को लागी आवश्यक व्यवस्था मिलाउन निर्देशन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ८</u>** : बर्जु गाउँपालिको न्यायिक समिति वाट भएका तपसील वमोजिमका निर्णय फैसलाहरु लाई यसै कार्यपालिका वैठक वाट अनुमोदन गरियो । विवरण तल अनुशुचीमा राखिएको छ ।

निर्णय नं.९ : बर्जु गाउँपालिको दोश्रो गाउँसभा वाट निर्धाण हुन छुट भएका कर तथा गैरकर(कृषि प्रयोजनका लागी) हरु लाई निम्न अनुसार असुल गर्ने निर्णय गरियो ।

तपसील

१..१ लाख देखि ५ लाख सम्मको ..........................................रु.१०००

२. ५ लाख देखि २० लाख सम्मको ..........................................रु.२०००

३.२० लाख देखि माथि जती भएपनी..........................................रु.५०००